# व्यास नगरपालिका
# दमौली, तनहुँ

# नगर प्रहरी सम्बन्धी विनियमावली
# २०७०

# व्यास नगरपालिका नगर प्रहरी सम्बन्धी विनियमावली, २०७०

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६५ र स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७५ ले दिएको अधिकार प्रयोग गरी यो नगर प्रहरी सम्बन्धी विनियमावली २०७० बनाई लागू गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :(१)** यो विनिमावलीको नाम व्यास नगरपालिका नगर प्रहरी सम्बन्धी विनियमावली २०७० रहेको छ ।

(२) यो विनियमावली नगरपालिकाको नगर परिषदले स्वीकृत गरेपछि लागू हुनेछ ।

२. **परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमाः

(क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन २०५५ लाई संझनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०५६ लाई सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले व्यास नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "मुख्य कार्यालय" भन्नाले नगरपालिका रहेको केन्द्रिय कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "समिति" भन्नाले व्यास नगरपालिकाको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

(च) "नगर प्रहरी" भन्नाले व्यास नगरपालिकाबाट नियूक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

(छ) "स्थायी पद" भन्नाले म्याद नतोकिएको नगरपालिकाको परिषदद्वारा स्वीकृत स्थायी पदलाई सम्झनु पर्दछ ।

(ज) "परिवार" भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे, वज्यै तथा महिला नगर प्रहरीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ ।

(झ) "भत्ता" भन्नाले व्यास नगरपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

(ञ) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

(ट) "बोर्ड" भन्नाले स्थानीय स्वायत्त शासन ऐन २०५५ बमोजिम गठन हुने व्यास नगरपालिकाको कार्यकारिणी समितिलाई सम्झनु पर्दछ ।

(ठ) "परिषद" भन्नाले व्यास नगरपालिकाको परिषद सम्झनु पर्दछ ।

(ड) "कार्यकारी अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

(ढ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ण) जवान भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ ।

(त) नगर प्रहरी कर्मचारी भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ ।

**३. विनियमावलीको व्याख्या नगरपालिकाले गर्ने:**

**(१)** कुनै अधिकारीले यस विनियमावलीको प्रयोग गर्दा कुनै व्यक्ति वा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले नगरपालिका (वोर्ड) समक्ष निवेदन दिन सक्नेछ ।

(२) विनियम ३ (क) को सम्वन्धमा नगरपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

परिच्छेद २

<u>नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण</u>

**४. नगर प्रहरी सेवाको गठनः**

क) नगरपालिकामा एक नगर प्रहरी सेवा रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या नगरपालिकाले समय समयमा तोकिएबमोजिम हुनेछ ।

ख) नगरपालिकाको अधिकारः नगर प्रहरीको रेखदेख र नियन्त्रण गर्ने र नगर प्रहरीलाई निर्देशन दिने अधिकार नगरपालिकालाई हुनेछ र नगरपालिकाको आदेश र निर्देशन पालन गर्नु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

**५. नगरपालिकामा रहने नगर प्रहरीको पद र तह :**

१) नगरपालिकामा नगर प्रहरी जवान देखि नगर प्रहरी निरीक्षक सम्मको पद र तह रहनेछन ।

२) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

३) नगर प्रहरी प्रमुख र क्षेत्र शाखा प्रमुखको काम कर्तव्य र अधिकार अनुसूची १ र २ मा उल्लेख गरे वमोजिम हुनेछ ।

## परिच्छेद - ३
## नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

**६. नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकारः**

(१) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्ने र जरिवाना समेत गर्ने ।

(२) नगर क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने जथाभावी गर्नेलाई जरिवाना कारवाही गर्ने ।

(३) सार्वजनिक जग्गा बाटो मठ मन्दिर ढल नाला चोक पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । भत्काउने आदेश भएमा भत्काउने ।

(४) अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहित प्रमुख समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(५) छाडा पशु पक्राउ गरी लिलाम गर्ने । लिलाम हुन नसकेका छाडा पशु व्यवस्थापन गर्ने ।

(६) स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकार चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गरी त्यस्तो पसल व्यवसाय वन्द गर्न लगाउने ।

(७) रोगी वा कानूनले निषेध गरेका पशु पंक्षी, जीव जन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशु पंक्षी जीव जन्तुका मासु विक्रि वितरणमा रोक लगाउने । नमानेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्ने ।

(८) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाहि गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(९) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । घर पर्खाल भए भत्काउन लगाउने ।

(१०) वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसँग मिलि सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने ।

(११) नगर वोर्ड, समिति, उपसमिति, विभाग तथा आयोजनाहरुबाट लागुहुने नीति, नियम र कानून कार्यान्वयनको सिलसिलामा परिआएका काम कारवाहि गर्ने ।

(१२) नगरको सुव्वस्था कायम गर्ने, नगरपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

(१३) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(१४) व्या.न.पा. क्षेत्रमा भित्ते लेखन तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने जवरजस्ती गर्नेलाई जरिवाना कारवाही गर्ने ।

(१५) विना ईजाजत व्यानर, होडिङ्ग वोर्ड, ग्लोबोर्ड, नियोनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा जरिवाना गर्ने ।

(१६) नगरपालिकाले सम्पन्न गर्ने वा भाग लिने सभा समारोहमा नगरपालिकाको तर्फबाट गर्नुपर्ने दायित्व निर्वाह गर्ने ।

(१७) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

(१८) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर आदिको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(१९) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु,सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(२०) अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(२१) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(२२) शहरमा ध्वनी, धुवा प्रकाश अथवा अन्य कुनै कारणले अन्यलाई वा सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा चलाउन रोक लगाउन ।

(२३) न.पा. क्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय संचालन गर्ने फर्म, कम्पनी संचालकहरुलाई दर्ता गरी, लगत राख्ने र निजहरुको अनुगमन गर्ने ।

(२४) दमकल (Fire Brigade) लाई २४ सैं घण्टा चुस्त दुरुस्त राखी माग भएको ठाँउमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने ।

(२५) विपत, महामारी भएमा उद्धार तथा राहतका लागि आवश्यक सहयोग गर्ने ।

## परिच्छेद - ४
## तह विभाजन र पदपूर्ति

**७. स्थायी पद श्रृजना तथा दरवन्दी खारेज :**

(१) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी परिषदले समय समयमा निर्णय गरे वमोजिम हुनेछ ।

(२) श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौज्जुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी परिषद समक्ष पेश गर्नु पर्नेछ ।

**८. नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरु:**

नगर प्रहरीको देहायका पदहरुको पूर्ति साधारणतया खुल्ला प्रतियोगिताद्धारा नियुक्ति हुनेछ र अरु पदहरुमा बढुवाद्धारा पूर्ति गरिनेछ ।

१) नगर प्रहरी निरीक्षक
२) नगर प्रहरी सहायक निरीक्षक
३) नगर प्रहरी जवान
४) नगर प्रहरी परिचर

९. **नियुक्ति गर्ने अधिकारी** : पदपूर्ति समितिको सिफारिसमा नगरपालिकाले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

१०. **पदपूर्ति गर्ने तरिका :**

(१) नगर प्रहरी निरीक्षक र नगर प्रहरी सहायक निरीक्षक पदहरुमा पचास प्रतिशत खुल्ला प्रतियोगिताद्धारा र पचास प्रतिशत बढुवाद्धारा पदपूर्ति गरिनेछ ।

(२) नगर प्रहरी जवान पद र परिचर पदमा शत प्रतिशत खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गरिनेछ ।

(३) विनियम १० (१) र (२) वमोजिम खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहायवमोजिमका उम्मेदरवार छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | महिला | २० प्रतिशत |
| (ख) | आदिबासी/जनजाति | ३२ प्रतिशत |
| (ग) | दलित | १५ प्रतिशत |
| (घ) | मधेसी | २८ प्रतिशत |
| (ङ) | पिछडिएको क्षेत्र | ५ प्रतिशत |

स्पष्टीकरण:

(१) यस विनियमावलीको प्रयोजनको लागि पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

(२) यस विनियमावलीको खण्ड १,२,३,४,५ को प्रयोजनको लागि महिला आदिवासी, जनजाती, मधेसी र दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेसी र दलितलाई सम्झनु पर्छ ।

(३) छुट्याईएका पदको लागि दरखास्त पेश गर्दा देहाय वमोजिमका प्रमाण संलग्न हुनुपर्नेछ ।

(३.१) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको,

(३.२) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको,

(३.३) मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित भएको,

(३.४) पिछडिएको क्षेत्रका लागि विनियम (३) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास गरी सम्वन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्वन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट दरखास्त पेस गर्दाका वखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भन्ने प्रमाणित गरिएको ।

(४) विनियम १० (३) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घतांक फ्रयाक्सन) आएमा त्यस्तो घतांक जुन समुदायको हकमा आएको हो सो भन्दा लगत्तै पछिको समुदायमा सर्दै जानेछ ।

(५) विनियम १० (३) वमोजिम छुट्याईएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकि आवश्यक संख्यामाा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या प्रतिशत निर्धारण गर्दा खुल्ला तर्फ भनी छुट्याईएका उर्त्तिण उम्मेदरवारहरुबाट पदपूर्ति गरिनेछ ।

(६) उपविनियम (३.३) वमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेवमोजिम हुनेछ ।

तर त्यसरी नतोकेसम्मको लागि जुनसुकै महिला, आदिवासी/जनजाति र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ ।

(७) उपनियम १०(३) वमोजिम छुट्याइएका पदको लागि दरखास्त पेश गर्दा देहायवमोजिमका प्रमाण संलग्न हुनुपर्नेछ ।

(१) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको ।

(२) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको ।

(३) उपनियम १० (३) वमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घताक (फ्रयाक्सन) आएमा त्यस्तो घतांक जुन समुदायको हकमा आएको हो सोभन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ ।

(४) उपनियम १० (३) वमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागी भई उत्तिर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ ।

११. **नयाँ नियुक्तिको आधार :** नगर प्रहरी निरीक्षक र नगर प्रहरी सहायक निरीक्षक पदमा नियुक्तिको लागि देहाय वमोजिमको आधारमा छनौट गरिनेछ ।

(क) शैक्षिक योग्यता

(ख) वौद्धिक क्षमता

(ग) शारीरिक तन्दुरुस्ती

(घ) आचरण

(ङ) उमेर

(च) व्यक्तित्व

१२. **खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु :**

(क) नगर प्रहरी निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन् :

१) दरखास्त आव्हान भएको सालको वैशाख १ गते २० वर्ष उमेर पुगेको र २५ वर्ष ननाघेको । तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरीको हकमा ३५ वर्ष ननाघेको ।

२) स्वीकृत विश्वविद्यालयबाट घटीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।

३) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

५) कुनै ध्वंसात्मक संस्थाको सदस्य नभएको वा नरहेको ।

६) आफूले अध्ययन गरेको अन्तिम शिक्षण संस्थाबाट र आफ्नो नातेदारवाहेक अरु दुईजना प्रतिष्ठित व्यक्तिहरुबाट राम्रो चरित्रको सिफारिस पाएको ।
७) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।
८) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।
९) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
१०) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
११) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

१३. **खुल्ला प्रतियोगितामा भाग लिन नगर प्रहरी सहायक निरीक्षकको पदको लागि आवश्यक न्यूनतम योग्यता:**
क) दरखास्त आवहान गरेको सालको बैशाख १ गते १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको र वहालवाला नगर प्रहरीको हकमा ३५ वर्ष ननाघेको ।
ख) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको र
ग) अन्य विनियम १० मा तोकिए वमोजिम हुनेछ ।

१४. **पदपूर्ति समिति** : नगरपालिकाको पदपूर्ति समिति नै नगर प्रहरीहरुको लागि समेत पदपूर्ति गर्ने पदपूर्ति समिति मानिनेछ । नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा जिल्ला प्रहरी कार्यालयको प्रतिनिधिलाई संलग्न गराइनेछ ।

१५. **परीक्षा र अन्तरवार्ता :**
(१) नगर प्रहरी निरीक्षक र नगर प्रहरी सहायक निरीक्षक पदमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा सम्वन्धित उम्मेदवारको देहायका विषयमा परीक्षा लिइनेछ ।

क) नगर प्रहरी निरीक्षक

| विषय | पूर्णाङ्क |
|---|---|
| (१) नेपाली रचना | १०० |
| (२) अंग्रेजी | १०० |
| (३) सामान्यज्ञान र वौद्धिक परीक्षा | १०० |
| (४) नेपालको संविधान र सेवा सम्वन्धी विषय | १०० |
| (५) शारीरिक तन्दुरुस्ती | १०० |

ख) नगर प्रहरी सहायक निरीक्षक

| विषय | पूर्णाङ्क |
|---|---|
| (१) नेपाली रचना/ अंग्रेजी | १०० |
| (२) सामान्यज्ञान र वौद्धिक परीक्षा | १०० |
| (३) नेपालको संविधान र सेवा सम्वन्धी विषय | १०० |
| (४) शारीरिक तन्दुरुस्ती | १०० |

(२) विनियम १५ (१) वमोजिम लिइने परीक्षाको परीक्षाक्रम निर्धारण र परीक्षा सञ्चालन सम्वन्धी सम्पूर्ण प्रक्रिया पदपूर्ति समितिबाट निर्धारण गरेबमोजिम हुनेछ । परीक्षा सञ्चालन समितिले निर्धारण गरेवमोजिम विनियम १५ (१) मा उल्लिखित विषयहरुको एकै पटक वा खण्ड खण्ड गरी परीक्षा संचालन गर्न सकिनेछ त्यसरी संचालित परिक्षामा अनुत्तिर्ण भएका परीक्षार्थीहरुलाई बाँकी खण्डको परीक्षामा सम्मिलित गराइने छैन ।
(३) विनियम १५ (१) वमोजिम लिइएको लिखित परीक्षामा उम्मेदवारले प्रत्येक विषयमा ३५ प्रतिशत अंक प्राप्त गरेमा निज सो परीक्षामा उत्तीर्ण भएको मानिनेछ ।
(४) विनियम १५ (१) वमोजिमको लिखित परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारको सम्वन्धित विज्ञद्वारा पूर्णाङ्क ५० को मनोविज्ञान परीक्षा लिइनेछ । मनोविज्ञानमा अनुत्तिर्ण हुने व्यक्ति अन्तरवार्तामा सहभागी हुन पाउने छैन ।

(५) विनियम १५ (३) वमोजिम उत्तीर्ण भएको उम्मेदरवारलाई सम्वन्धित पदपूर्ति समितिबाट देहायका विषयहरुमा १०० पूर्णाङ्कको अन्तरवार्ता लिइनेछ ।

क) उम्मेदरवारको मौखिक अभिव्यक्ति

ख) उम्मेदरवारको तर्कशक्ति

ग) विषयगत ज्ञान

१६. **योग्यताक्रम सूची तयार गर्ने :**

(१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस साथ पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) विनियम १६ (१) वमोजिम वैकल्पिक उम्मेदवारको रुपमा रहेका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्तिको लागि सिफारिश भएको मितिले पैतीस दिनभित्र नगरपालिकाले नियुक्तिपत्र दिन निर्णय गरी सक्नु पर्नेछ ।

(४) विनियम १६ (३) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र कार्यकारी अधिकृतले नियुक्तिपत्र दिनेछ ।

१७. **जेष्ठताक्रम कायम गर्ने :** नगर प्रहरी निरीक्षक र नगर प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

(१) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

१८. **परीक्षणकालमा राखिने :**

(१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । सो अवधिमा त्यस्तो नगर प्रहरी कर्मचारीले सन्तोषजक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा कार्यकारी अधिकृतले थप छ महिना परीक्षणकालमा राख्न सक्नेछ ।

(२) विनियम १८ (१) वमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकास दिनेछ ।

१९. **नियुक्ति सदर :**

(१) विनियम १८ (१) वमोजिमको परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा नगर प्रहरी अधिकृत आधारभूत तालिममा उत्तीर्ण भएमा नगरपालिकाको झण्डा र नेपालको राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर मात्र नगरपालिकाका कार्यकारी अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

(२) विनियम १९ (१) वमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

२०. **नगर प्रहरी जवान र नगर प्रहरी परिचर पदमा भर्ना :**

(१) नगर प्रहरी जवान र नगर प्रहरी परिचर पदमा नियुक्ति हुन चाहने उम्मेदवारले नगरपालिकाले तोके वमोजिमको फारम भरी पदपूर्ति समितिमा निवेदन दिनुपर्नेछ ।

(२) विनियम २० (१) वमोजिम निवेदन दिने उम्मेदरवारको देहायको योग्यता पुगेको हुनुपर्नेछ ।

क) नगर प्रहरी जवान पदको लागि छनौट हुने सालको वैशाख १ गते १८ वर्ष उमेर पुगेको र २३ वर्ष ननाघेको तथा नगर प्रहरी परिचर पदको लागि छनौट हुने सालको वैशाख १ गते १६ वर्ष उमेर पुगेको र ३५ वर्ष ननाघेको ।

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट आठ कक्षा पास गरेको ।

ग) नैतिकपतन देखिन फौज्दारी अभियोगमा सजाय नपाएको ।

घ) राजनीतिक पार्टीको सदस्य नरहेको ।

ङ) कुनै विध्वंसात्मक संस्थाको सदस्य नभएको ।
च) स्वीकृति प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
छ) आँखा माईनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको ।
ज) छाती नफुलाउँदा घटीमा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको ।
झ नेपाली नागरिक ।
ञ) महिलाको लागी घटीमा ५ फिट र पुरुषको लागी घटीमा ५ फिट २ इन्च उचाई भएको ।

२१. **नियुक्ति सदर** :

(१) विनियम १८ (१) वमोजिमको परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा र नगर प्रहरी आधारभूत तालिममा उत्तीर्ण भएमा नगरपालिकाको झण्डा र राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर मात्र नगरपालिकाका कार्यकारी अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

(२) विनियम २१ (१) वमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

(३) वैकल्पिक उम्मेदवारको रुपमा रहेका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि सिफारिस पेश गर्नेछ ।

(४) नियुक्तिको लागि सिफारिस भएको मितिले पैतीस दिनभित्र नगरपालिकाले नियुक्तिपत्र दिन निर्णय गरी सक्नुपर्नेछ ।

(५) विनियम २१ (४) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र कार्यकारी अधिकृतले नियुक्तिपत्र दिनेछ ।

२२. **जेष्ठताक्रम कायम गर्ने** : नगर प्रहरी निरीक्षक र नगर प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ । वहालवाला नगर प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई नै जेष्ठताक्रम मानिनेछ ।

## परिच्छेद - ५
## सरुवा तथा वढुवा

२३) नगर प्रहरी कर्मचारीको सामान्यतया सरुवा गरिने छैन ।

२४) **वढुवा गर्ने अधिकारी** : नगरपालिकाको पदपूर्ति समितिको निर्णयानुसार वढुवा गरिनेछ ।

२५) **वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्ने अवधि :**

(१) नगर प्रहरी हवल्दार देखि नगर प्रहरी नायव निरीक्षकसम्म एकतह मुनिको पदमा कम्तिमा दश वर्षको अवधि पुगेको हुनुपर्नेछ ।

(२) विनियम २५ (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै पनि नगर प्रहरी कर्मचारीको वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्न सक्ने छैन ।

क) निलम्बन भएको अवधिभर,

ख) वढुवा रोक्का गरिएकोमा सो अवधिभर,

ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

घ) तलब वृद्धि रोक्का भएकोमा वा तल्लो टायम स्केलमा वा त्यही टायम स्केलको तल्लो स्केलमा घटुवा भएको मितिले एक वर्षसम्म,

ङ) हालको पदमा तीन पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,

च) सेवा परिवर्तन गराई नगर प्रहरी सेवामा प्रवेश गरेको नगर प्रहरी कर्मचारी भएमा सेवा परिवर्तन भएको मितिले एक वर्षसम्म

२६) **वढुवा गर्दा कार्य क्षमताको मूल्याकंन गर्ने आधारः**

नगर प्रहरी कर्मचारीलाई वढुवा गर्दा यस विनियमावली वमोजिम कार्य क्षमताको मूल्याकंन गरी सबैभन्दा वढी अंक प्राप्त गर्ने कर्मचारीलाई पहिले वढुवा गरिनेछ ।

तर समान अंक प्राप्त गर्ने उम्मेदवारहरुको हकमा देहायको क्रमले निर्णय गरिनेछ :

क) एकतह मुनिको पदमा नोकरी गरेको अवधिको आधारमा

ख) खण्ड (क) वमोजिम निर्णय हुन नसकेमा त्यसभन्दा एकतह मुनिको पदमा गरेको नोकरी अवधिको आधारमा

ग) खण्ड (ख) वमोजिम निर्णय हुन नसकेमा आधारभूत तालिमबाट कायम गरिएको जेष्ठताक्रमको आधारमा

घ) नगर प्रहरी कर्मचारीको कार्यक्षमताको मूल्याकंन गर्दा देहायका कुराहरुलाई आधार मानिने छ ।

१. नोकरीको जेष्ठता

२. कार्यसम्पादन मूल्याकंन

३. शैक्षिक योग्यता

४. तालिम

ङ) जेष्ठताको अंक गणना गर्दा हाल वहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि २ अंकका दरले वढीमा ३० अंक प्रदान गरिनेछ । त्यसरी अंक गणना गर्दा एक वर्षभन्दा वढी चानचुन महिना वा दिनको लागि दामासाहीका हिसावले अंक दिइनेछ ।

च) वढुवाका लागि नगर प्रहरी सेवाको कुनै पनि पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापतको मात्र अंक दिईने छ ।

छ) शैक्षिक योग्यता वापत बढीमा १५ (पन्ध्र) अंक दिइनेछ र त्यस्तो योग्यता वापतको अंकको गणना देहाय वमोजिम गरिनेछ ।

| शैक्षिक योग्यता | प्रथम | द्धितिय | तृतिय | कैफियत |
|---|---|---|---|---|
| १. हाल वहाल रहेको पदमा | १५ | १३ | ११ | |
| नयाँ नियुक्ति दिंदा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता भएमा | | | | |
| २. विनियम २६ (छ) १ अनुसारको शैक्षिक योग्यता नभई सो भन्दा एक तह मुनिको शैक्षिक योग्यता भएमा | १० | ८ | ६ | |
| ३. विनियम २६ (छ) २ अनुसारको शैक्षिक योग्यता पनि नभई सो भन्दा एक तह मुनिको शैक्षिक योग्यता भएमा | ५ | ४ | ३ | |

तर

(१) श्रेणी नखुलेको शैक्षिक योग्यता वापत द्धितिय श्रेणी मानिनेछ ।

(२) कम्पार्डमेन्टल परीक्षा पास गरेको भए तृतिय श्रेणी मानिनेछ ।

(३) नगर प्रहरी नायव निरीक्षक पदमा वढुवाको लागि नगर प्रहरी सहायक निरीक्षक पदको निमित आवश्यक पर्ने शैक्षिक योग्यतालाई आधार मानिनेछ

२७) कार्य सम्पादन तथा अनुभवको मूल्यांकनद्धारा गरिने वढुवा सम्बन्धि विशेष व्यवस्था:

१) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको तहको पदमा कम्तीमा देहाय वमोजिमको सेवा अवधि पुरा गरेका स्थानीय निकायका कर्मचारीले सेवा प्रवेश गर्दाका बखत निर्धारित आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता सेवा प्रवेश हुनु भन्दा अघि वा पछि प्राप्त गरेको भए त्यस्ता कर्मचारीलाई एक तह माथिको पदमा बढुवा गरिनेछ :

| | |
|---|---|
| क) सहायकस्तर द्धितिय तह (नगर प्रहरी परिचर) | पांच वर्ष |
| ख) सहायकस्तर तृतीय तह (नगर प्रहरी जवान) | छ वर्ष |
| ग) सहायकस्तर चतुर्थ तह (नगर प्रहरी हवल्दार | दश वर्ष |
| घ) सहायकस्तर पांचौ तह प्रहरी सहायक निरीक्षक) | बाह्र वर्ष |

२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विनियमावली लागू नहुँदै सहायकस्तर प्रथम तहमा नियुक्ति भै द्वितीय तहमा बढुवा भएका नगरप्रहरीहरुको सुरु नियुक्त सहितको जम्मा सेवा अवधि ५ वर्ष पुरा भएको भए त्यस्ता नगरप्रहरीलाई एक पटक समानस्तर कामय गर्नका लागि तृतीय तहमा समायोजन गरी नगर प्रहरी जवान पदनाम दिई सोही बमोजिम सेवा सुविधा उपलब्ध गराइनेछ ।

३) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विनियमावली लागू नहुँदै तृतीय तहमा कम्तिमा ६ वर्ष सेवा अवधि पुरा गरेको नगरप्रहरी हवल्दारलाई एक पटकका लागि चौथो तहमा समायोजन गरी नगर प्रहरी हवल्दार नै पदनाम दिई सोही बमोजिम सेवा सुविधा उपलब्ध गराइनेछ ।

४) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर प्रहरी सहायकस्तर पाचौं तह, सहायकस्तर चौथो तह, सहायकस्तर तृतिय र सहायकस्तर द्धितिय स्तरका नगर प्रहरी कर्मचारीले एउटै तहको स्थायी पदमा क्रमश पन्ध्र, तेह्र, एघार, दश र नौं वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरि सेवा प्रवेश गर्दाका बखत त्यस्तो पदक लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको भए स्थानीय निकायको एक तह माथिको पदमा वढुवा गरिनेछ ।

५) उपविनियम १, ४ वमोजिम वढुवा हुनको लागि पछिल्लो तीन वर्षको कार्य सम्पादन मुल्यांकनमा औषतमा नब्बे प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गरेको र तलव बृद्धि वा बढुवा रोक्का नभएको हुनु पर्नेछ ।

६) उपविनियम १ वा २ वमोजिमको वढुवा पदपूर्ति समितिको सिफरिसमा व्यास न.पा.ले गर्नेछ ।

## परिच्छेद - ६
## नगरपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

२८) नगरपालिका प्रशासनको नियन्त्रण रहने:
नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा बाहेक समस्त नगर प्रहरी नगरपालिकाको प्रमुखको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

२९) नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुने:
नगरपालिकाले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुखमार्फत नै गर्नुपर्नेछ ।

३०) कारवाही गर्दा परामर्श लिने:
कुनै पनि अधिकृत तहका नगर प्रहरी कर्मचारीलाई अनुशासनहीनताको कारवाही गर्दा आवश्यकतानुसार नगरपालिका प्रमुखको परामर्श लिनु पर्नेछ ।

## परिच्छेद - ७
## बिदा

**३१. बिदा अधिकारको कुरा होइनः**

(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) बिदाको किसिमहरु : नगर प्रहरी कर्मचारीहरुले देहायवमोजिमका विदा पाउनेछन :

(क) भैपरी आउने र पर्व विदा
(ख) घर विदा
(ग) विरामी विदा
(घ) किरिया विदा
(ङ) प्रसुती विदा
(च) सट्टा विदा
(छ) अध्ययन विदा
(ज) असाधारण विदा
(झ) अन्तराष्ट्रिय संघ संस्थामा काम गर्न विदा दिन सकिने

**३२. विदा नलिई घर वस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनेः**

(१) यस विनियमावली वमोजिम विदा नलिई नगर प्रहरी कर्मचारी गैरहाजिर हुन पाउने छैन ।

(२) उपनियम (१) को उल्लंघन गरी गैरहाजिर हुने नगर प्रहरी कर्मचारीलाई नगरपालिकाले सेवाबाट हटाउन सक्नेछ । तर निकास नहुँदै विदा बसी पछि सो गैरहाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिने छैन ।

**३३. भैपरी आउने विदाः**

(१) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी विदा पाउने छ ।

२) भैपरी आउने विदा साधारणत : एक पटकमा ४ दिनमा नबढाई लिन पाइने छ ।

३) भैपरी आउने विदा एक सालको अर्को सालमा लिन पाइने छैन ।

४) आफ्नो जिल्ला छोडी जान पर्ने गरी विदा वस्नुपरेमा कुनै प्रहरी कर्मचारीले विदाको स्वीकृति लिई रहन नभ्याएमा विदा वसेपछि स्वीकृत गराए पनि हुन्छ ।

५) भैपरी आउने विदा वसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलव, भत्ता, राशन पाउनेछ ।

६) साधारणतया भैपरी आउने विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिन पाइने छैन ।

**३४. घर विदाः**

(१) नगर प्रहरी कर्मचारीले प्रत्येक साल ३० दिनका दरले घर विदा पाउने छन् ।

(२) घर विदा वढीमा एक सय असी दिनसम्म संचित राख्न सकिनेछ ।

(३) नगर प्रहरी कर्मचारीलाई वर्षमा एक पटक घर विदा जाँदा र विदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा आउँदा हिड्नु पर्ने भएमा ७ कोशको निमित्त एक दिनको दरले तथा मोटर, रेल, हवाईजहाजको वाटाको लागि जति दिन लाग्ने हो त्यति दिन बाटोको म्याद दिन सकिनेछ ।

(४) जुनसुकै रुपले सेवाबाट हट्ने नगर प्रहरी कर्मचारीले निजको बढीमा एक सय असी दिनसम्मको घर विदावापत निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको तलवको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ ।

(५) घर विदामा वसेको नगर प्रहरी कर्मचारीले पूरा तलव, भत्ता र राशन पाउने छ ।

(६) निलम्वनमा रहेको प्रहरी कर्मचारीले सो अवधिभरको घर विदा पाउने छैन ।

३५. **विरामी विदाः**

(१) आफ्नो पदको कर्तव्य पालन गर्दा चोटपटक लाग्न गई वा विरामी भई अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्वन्धित चिकित्सकले काम गर्न नसक्ने भनि गरेको सिफारिस बमोजिम लाग्ने दिन वाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले वर्षको १२ दिन तलब, भत्ता र राशनसहित विरामी विदा पाउने छ ।

(२) नगर प्रहरी कर्मचारी अशक्त भई संचित विरामी विदाले नपुग भएमा निजलाई बढीमा बाह्र दिनसम्मको पेश्की विदा दिन सकिनेछ ।

(३) प्रहरी कर्मचारीले विरामी विदा संचित गर्न सक्नेछ र जुनसुकै व्यहोराबाट निज सेवाबाट अलग भएमा निजले संचित विरामी विदावापत आफ्नो पदाधिकार रहेको पदबाट खाईपाई आएको मासिक तलवका दरले हुन आउने रकम एकमुष्ट पाउनेछ ।
तर संचित विदाको रकम लिन नपाउँदै कुनै नगर प्रहरी कर्मचारीको मृत्यु भएमा निजले इच्छाएको व्यक्तिले एकमुष्ट लिन पाउनेछ ।

(४) सात दिनभन्दा वढी अवधिको विरामी विदा माग गर्ने नगर प्रहरी कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नुपर्नेछ । तर यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव छैन भन्ने विदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा खुलाई प्रमाणपत्र पेश नगरी विदा दिन सक्नेछ ।

(५) कुनै ठूलो वा कडा रोग लागी सो कुरो स्वीकृत चिकित्सकले प्रमाणित गरी दिइएको प्रमाणपत्र पेश गरेमा नगर प्रहरी कर्मचारीले वढीमा ४५ दिनसम्म थप विरामी विदा पाउन सक्नेछ । यस्तो विरामी विदा लिने नगर प्रहरी कर्मचारीको पाकी सकेको वा पाक्ने घर विदाबाट प्रत्येक दुई दिन थप विरामी विदावापत एक दिनका दरले घर विदा कट्टा गरिनेछ ।

(६) कुनै ठूलो वा कडा रोग लागी उपचार गर्न विरामी विदा र घर विदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी नगर प्रहरी कर्मचारीले पछि पाउने विरामी विदा र घर विदाबाट कट्टा हुने गरी पैतालीस दिनसम्म थप विरामी विदा पेश्कीको रुपमा लिन सक्नेछ । त्यसरी पेश्की विरामी विदा लिई बसेको नगर प्रहरी कर्मचारीले पुरा तलव, भत्ता र राशन पाउनेछ ।

(७) उपनियम (५) वमोजिम लिएको विदाले नपुग भई थप विदा लिनु परेमा नेपाल सरकारले तोकेको मेडिकल वोर्डको सिफारिसमा नगर प्रहरी कर्मचारीले असाधारण विदा लिन सक्नेछ ।

(८) उपनियम (५) वमोजिम पेश्की विरामी विदा लिने नगर प्रहरी कर्मचारीको मृत्यु भएमा त्यसरी पेश्की लिएको विरामी विदा स्वतः मिनाहा हुनेछ ।

(९) निलम्वनमा रहेको नगर प्रहरी कर्मचारीले सो अवधिभरको विरामी विदा पाउने छैन ।

३६. **किरिया विदाः**

(१) नगर प्रहरी कर्मचारी आफैं किरियामा वस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ । यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई दिईनेछ ।

(२) यस्तो किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

३७. **प्रसूती विदाः**

(१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ६० दिन प्रसूती विदा पाउनेछ ।

(२) प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ । सो भन्दा वढी वच्चा हुने महिला नगर प्रहरी कर्मचारीले सुत्केरी हुँदा आवश्यक पर्ने विदा निजको पाकेको वा पाक्ने घर विदा र विरामी विदाबाट कट्टी हुने गरी लिनुपर्नेछ ।

(४) उल्लेख भएअनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ ।

३८. **प्रसूती स्याहार विदा:**

(१) प्रसूति स्याहार विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिईएको सुविधा उपभोग गर्न पाउनेछ

२) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिन सक्नेछ । यो विदा सेवा अवधिमा दुई पटकसम्म पाउनेछ ।

३) प्रसूति स्याहार विदामा वस्ने कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

४) प्रसूति स्याहार विदा लिने नगर प्रहरी कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ ।

३९. **सट्टा विदा**: कुनै पनि सार्वजनिक विदाको दिन ड्यूटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्वन्धित कार्यालय प्रमुखले सट्टा विदा दिन सक्नेछ । तर यस्तो सट्टा विदा एकपटकमा सात दिनभन्दा वढी हुने छैन ।

४०. **अध्ययन विदा:**

(१) स्थानीय निकायको सेवालाई आवश्यक पर्ने विषयमा स्थानीय निकायलाई प्राप्त भएको छात्रवृत्तिमा मन्त्रालयको स्वीकृति लिई खुला प्रतियोगिता वा अन्तर स्थानीय निकाय प्रतियोगितामा वा स्थानीय निकायबाट मनोनयन भई अध्ययन गर्न जाने नगर प्रहरी कर्मचारीले अध्ययन अवधिभर अध्ययन विदा पाउन सक्नेछ ।

(२) नगर प्रहरी कर्मचारीले सेवा अवधिभरमा एकैपटक वा पटक पटक गरी तीन वर्षसम्म अध्ययन विदा पाउनेछ । तर कार्यालयले आवश्यक ठानेको अवस्थामा अध्ययन विदाको अवधिमा दुई वर्षसम्म थप गर्न सक्नेछ ।

(३) माथि जुनसुकै कुरा लेखिएको भएतापनि अध्ययनको निमित्त मनोनयन भई अध्ययन विदा लिई गएको नगर प्रहरी कर्मचारीलाई थप विषयमा अध्ययन गर्न वा थप उपाधि हासिल गर्नको निमित्त अध्ययन विदा थपिने छैन र असाधारण बिदा दिइने छैन ।

(४) अध्ययन विदामा बस्दा नगर प्रहरी कर्मचारीले तलब पाउने छैन ।

(५) सम्वन्धित सेवा समूहलाई उपयोगी र आवश्यक पर्ने विषयमा नगर प्रहरीलाई उपनियम (२) बमोजिम अध्ययन विदा दिन सकिनेछ ।

तर यस अध्ययन विदामा बस्ने नगर प्रहरी कर्मचारीले तलब, भत्ता र राशन सुविधा पाउने छैन ।

(६) तीन वर्ष स्थायी सेवा अवधि नपुगी कुनै पनि नगर प्रहरी कर्मचारीले अध्ययन विदा पाउन सक्ने छैन ।

**स्पष्टीकरण:** यस विनियमावली बमोजिम कुनै नगर प्रहरी कर्मचारीले गरेको अस्थायी सेवा अवधि स्थायी सेवा अवधिमा गणना भएको रहेछ भने यस विनियमको विनियम ४० उपविनियम (१) प्रयोजनको लागि सो अस्थायी सेवा अवधि समेत गणना गरिनेछ ।

(७) कुनै आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नको निमित्त अत्यावश्यक भएको तालिम प्राप्त गर्नको लागि नगरपालिकाले नगर प्रहरी कर्मचारीलाई मनोनयन गरी पठाउनु परेमा त्यस्तो तालिम अवधिभर निजलाई काजको रुपमा पठाइनेछ र सो अवधिभर निजलाई पूरा तलब, भत्ता र राशन दिइनेछ ।

४१) **असाधारण विदा**:

(१) नगर प्रहरी कर्मचारीले असाधारण विदा लिनु पर्दा विदा लिनुपर्ने कारण सहित निवेदन दिनु पर्नेछ र कारण मनासिव देखिएमा नगरपालिकाले एक पटकमा एक वर्षमा नबढाई र सेवा अवधिभरमा तीन वर्षमा नबढाई असाधारण विदा दिन सक्नेछ ।

(२) असाधारण विदामा बस्ने नगर प्रहरी कर्मचारीले सो अवधिभर तलब, भत्ता र राशन सुविधा पाउने छैन ।

तर विनियम ३५ को उपनियम (६) वमोजिम असाधारण विदामा वस्ने नगर प्रहरी कर्मचारीले त्यस्ता विदामा वसेको अवधिका पूरा तलव पाउनेछ ।

(३) पाँच वर्ष नगर प्रहरी सेवामा काम नगरेको कर्मचारीले असाधारण विदा पाउने छैन ।

तर (क) विनियम ३५ को उपनियम (६) वमोजिम थप विरामी विदा वापत असाधारण विदामा वस्न यस नियमले वाधा पुऱ्याएको मानिने छैन ।

(ख) निजी प्रयासमा अध्ययन गर्न चाहने नगर प्रहरी कर्मचारीले दुई वर्षको सेवा अवधि पूरा गरेपछि नियम (१) को अधिनमा रही एकै पटक वा पटक पटक गरी वढीमा तीन वर्षसम्म असाधारण विदा पाउन सक्नेछ ।

(४) नगर प्रहरी कर्मचारीले लिएको असाधारण विदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

४२) **अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न विदा दिन सकिनेः** कुनै नगर प्रहरी कर्मचारीले विदा लिई अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न जान निवेदन दिएमा नगर प्रहरी कर्मचारीले निजले पाउन सक्ने असाधारण विदाबाट कट्टा हुने गरी पछि नगर प्रहरी सेवामा फर्कि आउने कवुलियत गराई निजलाई त्यस्तो सेवा गर्न जानको लागि अनुमति दिन सक्नेछ ।

४३) **बिदा माग गर्ने अवधिः**

(१) विदाको निकासाका निमित्त नगर प्रहरी कर्मचारीले आफूलाई चाहिएको विदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खुलाई आफ्नो कार्यालय मार्फत बिदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ र विदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो नगर प्रहरी कर्मचारीलाई दिनु पर्नेछ ।

(२) देहायको कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मितिभन्दा अघिको मितिबाट बिदा स्वीकृत गर्न सक्नेछ ।

क) बिदा दिने अधिकारीको पूर्व स्वीकृति दिन सम्भव थिएन भन्ने,

ख) पूर्व स्वीकृति प्राप्तिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भन्ने ।

(३) अध्ययन विदाको लागि निवेदन दिंदा अरु कुराको अतिरिक्त देहायका कुराहरु उल्लेख गर्नुपर्नेछ :

क) आफूले अध्ययन गर्न खोजेको विषयको विवरण,

ख) अध्ययन गरिने विश्वविद्यालय, संस्था वा प्रशिक्षण केन्द्रमा प्रवेश गर्ने स्वीकृति प्राप्त भएको विवरण,

ग) नगर प्रहरी कर्मचारीलाई त्यस्तो विदाको सम्वन्धमा विचार गर्न सहायक हुने अन्य आवश्यक विवरण ।

४४) **विदा दिने अधिकारीः** देहायको बिदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः

| विदाको किसिम | विदा स्वीकृत गर्ने अधिकारी |
|---|---|
| १. भैपरी आउने र पर्व विदा | कार्यकारी अधिकृत |
| २. घर विदा | कार्यकारी अधिकृत |
| ३. विरामी विदा | कार्यकारी अधिर्कत |
| ४. प्रसूति विदा | कार्यकारी अधिकृत |
| ५. किरिया विदा | कार्यकारी अधिकृत |
| ६. अध्ययन विदा | न.पा. वोर्ड |
| ७. असाधारण विदा | न.पा. वोर्ड |
| ८. अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न विदा दिन सकिने | व्या.न.पा.वोर्ड |

४५) **विदा परिणत नहुनेः** यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सोही विदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिया विदा वा प्रसूति विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन ।

४६. **सार्वजनिक विदा गाभिनेः** भैपरी आउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिई बसेको नगर प्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा वसेको मानिनेछ ।

४७) **कार्यालयमा अनुपस्थित हुने उपर कारवाही**: विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

४८) **विदा लिने विधि**:

(१) यस परिच्छेदवमोजिम विदा लिन चाहने नगर प्रहरी कर्मचारीले आफुलाई चाहिएको विदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खोली रीतपूर्वकको लिखित दरखास्त आफू हाजिर रहेको शाखा/महाशाखा मार्फत विदा स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ । विदा स्वीकृत भए नभएको सम्वन्धित शाखा प्रमुखले सम्वन्धित कर्मचारीलाई दिनुपर्नेछ ।

(२) कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार राखिकन मात्र विदा दिने नदिने निर्णय गर्नेछ ।

(३) भैपरी आउने विदाको सम्वन्धमा विदा स्वीकृत गर्ने अधिकारीले उपनियम (१) वमोजिम दरखास्त नदिए पनि आफ्नो तज्बीजबाट मौखिक अनुरोधको आधारमा पनि त्यस्तो विदाको स्वीकृत दिन सक्नेछ ।

(४) देहायमा लेखिएवमोजिमका कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले विदाको लागि दरखास्त परेको मितिभन्दा अगाडिदेखि पनि विदा वस्न पाउने गरी निवेदकलाई विदा दिन सक्नेछ ।

(क) विदा दिने अधिकारीको पूर्व स्वीकृति लिई रहन सम्भव थिएन भने वा

(ख) पूर्व स्वीकृतिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भने ।

तर विदा बसी सकेपछि स्वीकृतिको लागि दरखास्त परेकोमा अस्वीकृति हुन गई त्यसको फलस्वरुप विदाको निवेदन गर्ने नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाइएमा निजले पुनरावेदन गर्न सक्नेछ ।

४९) **विदाको अभिलेखः** (१) विदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राख्ने राख्न लगाउने छ ।

५०) **निकासा लिन नभ्याएमा**: कुनै नगर प्रहरी कर्मचारीलाई आवश्यक परी विदामा नवसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो विदा स्विकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरी कर्मचारीलाई विदामा बस्न लिखित आदेश दिई त्यसको सूचना विदा दिने अधिकारी समक्ष पठाउनुपर्छ ।

५१) **गयलखाली जनाउने** : कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ नगरपालिका प्रशासन तथा संगठन विकास विभागमा पठाई सके पछि सम्वन्धित नगर प्रहरी कर्मचारीले विदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफू गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफूलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्वन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ । सो प्रतिवेदन उपर छानविन र जाँच पड्ताल गर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्वन्धित अधिकृतले विदा स्वीकृत गरी थमौती गरेको व्यहोरा लेखि पठाउन सक्नेछ ।

५२) **झुठो कारण देखाएमा सजाय हुने**: कुनै नगर प्रहरी कर्मचारीले कुनै झुठ्ठा कारण देखाई विरामी विदा, किरिया विदा र प्रसूती विदा लिई वसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ ।

५३) **तालिम अवधिमा विदा वस्नेवारे :** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदाबाहेक साधारणतया अरु कुनै विदा दिइने छैन ।

५४) **सञ्चित विदा उपभोग गर्न पाउने**: यो नियमावली प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित सेवा सर्त सम्वन्धी विनियम वमोजिम कुनै नगर प्रहरी कर्मचारीको घर विदा वा विरामी विदा सञ्चित रहेको भए निजले सो सञ्चित विदा यस विनियमावली वमोजिम उपभोग गर्न पाउनेछ ।

५५) **विदाको रकम पाउने:** कुनै पनि नगर प्रहरी कर्मचारीको १८० दिन भन्दा वढी घर विदा संचित रहेमा प्रत्येक वर्ष पाक्ने विदाको रकम बैशाख मसान्त भित्र पाउनेछ ।

## परिच्छेद ८
## आचरण

५६) **दान उपहार लिन नहुनेः** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतले नगरपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

५७) **चन्दा लिन नहुनेः** कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

५८) **स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न नहुनेः** नगरपालिकालाई पूर्व सूचना नदिई कुनै पनि नगर प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने वाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन । खरिद गर्नुपरेमा व्यास नगरपालिकाको स्वीकृत लिएर मात्र खरिद गर्न सक्नेछ ।

५९) **सम्पत्तिको विवरण दिनुपर्नेः** (१) हाल वहालमा रहेको नगर प्रहरी कर्मचारीले यो विनियमावली लागू भएको तीन महिना भित्र र नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र नगरपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्ने छ ।

१. आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण ।
२. आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।
३. उपविनियम १ वमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।
४. आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

६०) **व्यापार व्यवसाय गर्न नहुनेः** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैनः

१. कुनै व्यापार गर्न
२. कुनै फर्मको हिस्सेदार हुन र
३. कुनै व्यवसाय चलाउन ।

६१) **नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले नगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय निकाय वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

६२) **रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः** नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन ।
तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

६३) **नगरपालिकाको आलोचनाः** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र नगरबासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन ।

६४) **निर्वाचनमा भाग लिन नहुने:** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन ।
तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

६५) **राजनीतिमा भाग लिन नहुने**: नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक संस्थाको सदस्य बन्न राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

६६) **समय पालन र नियमितता:** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

६७) **अनुशासन र आज्ञापालन:**
(क) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।
(ख) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको कामसम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।
(ग) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ ।

६८) **नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने**: नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

६९) **बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्ध:** नगर प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीको महलको बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन । तर(क) स्वास्नी महारोगी भएमा,
(ख) स्वास्नीलाई यौनसम्वन्धी कुनै सरुवा रोग भई निको नहुने भएमा
(ग) स्वास्नी निको नहुने गरी बुहलाएमा,
(घ) बिबाह भएको १० बर्षभित्र श्रीमतीको कारणबाट सन्तान नभएको मेडिकल बोर्डबाट प्रमाणीत भएमा
(ङ) स्वास्नी हिड्डुल गर्न नसक्ने गरी कुँजी भएमा
(च) स्वास्नी दुबै आँखा नदेख्ने अन्धी भएमा ।

## परिच्छेद - ९
## सजाय र पुनरावेदन

७०) **सजायः** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछः
१. नसिहत दिने ।
२. शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।
३. तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।
४. तल्लो तहमा घटुवा गर्ने ।
५. लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।
६. भविष्यमा स्थानीय निकायमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।
७. भविष्यमा स्थानीय निकायमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

७१) **नसिहत दिने वा प्रतिकुल राय लेख्ने**: नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकुल राय लेखिनेछ ।

७२) **तलब वृद्धि वा पदोन्नति रोक्ने**: नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

७३) **दर्जा र तलब घटाउने**: कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नगरपालिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।
क) सन्तोषजनक काम नगरेमा ।
ख) अनुशासनहीनता गरेमा ।
ग) आचरणसम्वन्धी विनियम उल्लंघन गरेमा ।
घ) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा ।
ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।
च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।
छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

७४) **नोकरीबाट हटाउने वा बरखास्त गर्ने**: देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बरखास्त गर्न सक्नेछ ।
क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा
ख) राजनीतिमा भाग लिएमा
ग) वरावर अनुशासनहीनताको काम गरेमा
घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।
ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा
च) भ्रष्टाचार गरेमा
छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा
ज) आचरणसम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा
झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा ।

७५) **सजाय सम्बन्धी कार्यविधि**:

(१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्नुपर्दा सजाय गर्ने अधिकारीले नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस विनियमवमोजिमको कार्यविधिको रीत पुऱ्याउनु पर्ने छैन ।

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।

२) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्वन्धित नगर प्रहरी कर्मचारीसमेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

३) कुनै नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचवुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सो नगर प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्नेछ । तर यस्तो निलम्वनको अवधि ६ महिनाभन्दा वढी हुनेछैन ।

४) उपविनियम (४) वमोजिम निलम्वन अवस्थामा रहेको नगर प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको एक चौथाई दिइनेछ ।

५) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वत:निलम्वित हुनेछ । तर (क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्वन भएका मितिदेखिको बाँकी तलव भत्ता पाउने छैन ।

(ख) कुनै कर्मचारी नगरपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन ।

७६) **सजायको आदेश दिने:** जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

७७) **सेवाको अन्त गर्ने**: कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा विनियम ७६ वमोजिमको कार्यविधि अपनाउनु पर्नेछैन ।

क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुदै

ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिकदृष्टिले अनुपयुक्त ठहऱ्याएमा

७८) **पुनरावेदनको कार्यविधि:**

(१) विनियम ७७ अन्तर्गत दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनुपर्नेछ ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त जो भएको प्रमाण राखी पुनरावेदन शिष्ट भाषामा लेखिएको हुनुपर्नेछ । पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नुपर्नेछ ।

(३) पुनरावेदन दिँदा पुनरावेदन दिने व्यक्ति जुन कार्यालयको हो सोही कार्यालय प्रमुख वा जसको आदेशको विरुद्ध पुनरावेदन गरिएको छ सो अधिकारी मार्फत दिनुपर्नेछ।

(४) सजायको सूचना पाएको पैतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ ।

(५) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

७९) नगर प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलब भत्ता पाउनेः कुनै नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई निज सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाइएको वा वर्खास्त गरिएको मितिदेखि पुनर्वहाली भएको मितिसम्मको पूरा तलव भत्ता र तलब वृद्धि पाउने भए तलब बृद्धिसमेत निजले पाउनेछ ।

## परिच्छेद १०
## अवकाश, उपदान र निवृत्तिभरण

८०) **अनिवार्य अवकाशः**

(१) यो विनियमावली जारी भएपछि भर्ना भएका देहायका नगर प्रहरी कर्मचारीको देहायवमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३० वर्ष पूरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ ।

क) नगर प्रहरी निरीक्षक - ५८ वर्ष
ख) नगर प्रहरी नायब निरीक्षक - ५८ वर्ष
ग) नगर प्रहरी सहायक निरीक्षक - ५८ वर्ष
घ) नगर प्रहरी हवल्दार/नगर प्रहरी जवान - ५८ वर्ष

(२) उमेरको हद, पदको अवधि वा सेवा अवधिमध्ये कुनै एक पुगेपछि नगर प्रहरी कर्मचारीले सेवाबाट अवकाश पाउने छ ।

(३) कायम मुकायम मुकरर भएमा पदको अवधि लागू हुने छैन । तर तल्लो पदमा नोकरीको अवधि लागू हुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा पदोन्नति हुन नसके तल्लो पदको अवधि नै लागू हुनेछ । स्पष्टीकरण : यस नियमको प्रयोजनको निमित्त नगर प्रहरी कर्मचारीको उमेरको हिसाव गर्दा देहायवमोजिम गरिनेछ :

क) नोकरीमा प्रवेश गरेको वेलामा निजले पेश गरेको शैक्षिक संस्थाको प्रमाणपत्रमा किटिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर ।

ख) त्यस्तो अभिलेख नभएमा निजले नोकरीमा प्रवेश गरेको बेलामा सिटरोलमा लेखीएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर ।

(४) विनियम ८० वमोजिम निवृत्तिभरण पाउने अवधि पुगेको कुनै नगर प्रहरी कर्मचारीलाई नगरपालिकाले नोकरीबाट अवकाश दिनेछ ।

(५) यो नियम प्रारम्भ हुँदा नगर प्रहरी सेवामा वहाल रहेका नगर प्रहरी कर्मचारीले उपनियम (१) वमोजिम अवकाश प्राप्त गर्दा प्रचलित नगर प्रहरी नियमावली वमोजिम अवकाश प्राप्त गर्न जति उमेर बाँकी रहेको छ सो अवधिसमेत निजले गरेको जम्मा नोकरी अवधिमा थपि निजले पाउने निवृत्तिभरणको हिसाव गरिनेछ ।

८१) **उपदानः** पाँच वर्ष वा सोभन्दा वढी नोकरी गरेको तर राजीनामा स्वीकृति गराई सेवाबाट हटेमा वा भविष्यमा स्थानीय निकायको सेवामा सामान्यतः अयोग्य नठहरिने गरी सेवाबाट हटाइएमा देहायवमोजिम उपदान पाउनेछ ।

क) पाँच वर्षदेखि दश वर्षसम्म नोकरी गरेको नगर प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलव ।

ख) दश वर्षभन्दा वढी पन्ध्र वर्षसम्म नोकरी गरेको नगर प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक महिनाको निमित्त आखिरी एक महिनाको तलव ।

ग) पन्ध्र वर्ष देखि २० वर्षसम्म नोकरी गरेको नगर प्रहरी कर्मचारीले आफुले काम गरेको प्रत्येक महिनाको निमित्त आखिरी डेढ महिनाको तलव ।

घ) बीस वर्षदेखि पच्चिस वर्षसम्म नोकरी गरेको नगर प्रहरी कर्मचारीले आफुले काम गरेको प्रत्येक महिनाको निमित्त आखिरी दुई महिनाको तलव ।

ङ) पच्चीस वर्षदेखि माथि नोकरी गरेको नगर प्रहरी कर्मचारीले आफुले काम गरेको प्रत्येक महिनाको निमित्त आखिरी अढाई महिनाको तलव ।

८२) **पारिवारीक उपदानः** (१) नगर प्रहरी कर्मचारीको नोकरीमा छदै मृत्यु भएमा मृतक कर्मचारीको परिवारलाई नियम ८१ वमोजिम उपदान दिइनेछ ।

**८३) थप आर्थिक सहायताः**

(१) कुनै नगर प्रहरी कर्मचारी आफ्नो पदको कर्तव्य पालना गर्दा वा तालीमको सिलसिलामा दुर्घटनामा परी वा आघातमा परी अंगभंग भएको छ वा चोट पटक लागेको छ र नगर प्रहरी सेवाको लागि अशक्त भएको छ भने

त्यस्तो नगर प्रहरी कर्मचारीको उपदान पाउने अवधि पुगी सकेको भए निजले खाइपाई आएको तलवले पाउने उपदान वा उपदान पाउने अवधि पुगी नसकेको भए निजको जीविकाको निमित्त नगरपालिकाले थप आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

८४) **असाधारण पारिवारिक उपदान**:

(१) कुनै नगर प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालन गर्दा वा तालीम लिँदा तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै मृत्यु भएमा निजको नोकरी जतिसुकै वर्ष पुगको भए तापनि मृतक नगर प्रहरी कर्मचारीको सबैभन्दा नजिकको हकवालाले देहाय बमोजिम असाधारण पारिवारिक उपदान पाउनेछ ।

क) १० वर्षसम्मको सेवा अवधि नपुग्दै मृत्यु भएमा निजले खाईपाई आएको प्रति वर्ष १ महिनाको तलव वरावरको रकम ।

ख) १० वर्ष देखि २० वर्षसम्मको सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको प्रति वर्ष २ महिनाको तलव वरावरको रकम ।

ग) २० वर्षभन्दा वढी जतिसुकै सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको प्रति वर्ष ३ वर्षको तलव वरावरको रकम ।

(२) यो विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि असाधारण पारिवारिक उपदान प्रयोजनको निमित्त हकवाला भन्नाले मृतक नगर प्रहरी कर्मचारीको पत्नी, नावालक छोरा, अविवाहित छोरी र आश्रित बाबु, आमालाई मात्र जनाउनेछ ।

८५) **असाधारण पारिवारिक उपदान निर्धारण**: कुनै नगर प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिँदा तत्काल मृत्यु भएको रहेछ भने सोही कायम मुकायम वा कार्यवाहक भएको पदको आधारबाट र तत्काल मृत्यु नभएमा सो घटना घटेको मितिदेखि मृत्यु भएको मितिसम्ममा वढुवा पाइसकेको रहेछ भने सो वढुवा भएको पदको आधारबाट असाधारण पारिवारिक वृत्तिको अंक निर्धारण गरिनेछ ।

८६) **नोकरी अवधिको गणना**:

(१) यस परिच्छेदको प्रयोजनको निमित्त नोकरी अवधिको गणना गर्दा नगर प्रहरी सेवा वा पदमा स्थायी नियुक्ति भई नोकरी गरेको जम्मा अवधि (बीचमा टुटेको अवधि कटाई) लाई गणना गरिनेछ ।

(२) उपनियम (१) मा जेसुकै लेखिएको भए तापनि उपदान पाइसकेको व्यक्ति नगर प्रहरी सेवा वा पदमा नियुक्ति भएमा निजले पहिले पाएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी जोडिनेछ ।

(३) उपनियम (१) अनुसार गणना गर्दा निलम्वनमा रहेको अवधिलाई समेत गणना गरिनेछ ।

८७) **उपचार खर्च**:

(१) कुनै नगर प्रहरी कर्मचारी विरामी भएमा औषधि उपचारको लागि देहायवमोजिम भएको खर्चको रकम नगरपालिकाले उपचार खर्चवापत दिनेछः-

क) अस्पताल भर्ना भई वा नभई उपचार गराउँदा लागेको अस्पतालको विल वमोजिमको खर्च र अस्पतालको चिकित्सकको रोगको निदानसहतिको प्रेशक्रिप्शनवमोजिम खरिद गरेको औषधि खर्च ।

ख) अस्पताल नभएको ठाउँमा वा अस्पताल भर्ना भई अस्पतालबाट निस्केपछि पनि रोगको उपचारको निमित्त वा अस्पताल भए पनि अस्पतालमा भर्ना हुनु नपर्ने वा भर्ना हुन नसकेको अवस्था वा कुनै किसिमको रोगको सम्वन्धमा कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कविराज, वैद्य वा हेल्थ असिस्टेन्टले जाँचगर्दा लिएको शुल्क र रोगको निदानसहितको प्रेशक्रिप्शनअनुसार खरिद गरेको औषधि खर्च ।

ग) अस्पताल पनि नभएको र डाक्टर, कविराज, वैद्य वा हेल्थ असिस्टेन्ट पनि नभएको ठाउँमा भएको उपचारमा कार्यालय प्रमुख, मातहतका नगर प्रहरी कर्मचारीको हकमा कार्यालय प्रमुखले, कार्यालय प्रमुखको हकमा एक तहमाथिको अभिकारीले सिफारिस गरेको खर्च ।

घ) प्लाष्टिक सर्जरी वा निजी नर्सिङ्ग होममा गरेको चिरफार (सर्जिकल अपरेशन) बाहेक सबै किसिमको चिरफार गर्दा लागेको बिल वमोजिमको खर्च ।

ङ) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामा वा विदेशमा गई औषधि उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दाको र फर्कदाको विरामीको र कुरुवा चाहिने अवस्था भए एक जना कुरुवासम्मको यातायात खर्चको पूरै रकम र खाना खर्चवापत निज विरामी नगर प्रहरी कर्मचारीको नियमानुसार पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारीको तमाम नोकरी अवधिभरमा १८ महिना वरावरको तलब रकमसम्म मात्र उपचार खर्च दिइनेछ ।

(३) यस नियमवमोजिम पाउने उपचार खर्च कुनै नगर प्रहरी कर्मचारीले पेश्कीको रुपमा लिन चाहेमा कारण मनासिब देखिए उपनियम (२) को अधिनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सक्नेछ

(४) नगर प्रहरी कर्मचारीको संगोलको पति वा पत्नी, आमा, बाबु वा नावालक छोरा छोरी विरामीले यस विनियमावली वमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधासम्म बिलबमोजिमको भएको उपचार खर्चको नब्बे प्रतिशत रकम सम्वन्धित कर्मचारीले लिन पाउनेछ । त्यस्तो उपचार खर्चको माग गर्दा रोगको निदान उल्लेख गरिएको चिकित्सकको प्रेशक्रिप्शन पनि पेश गर्नुपर्नेछ । यस उपनियमवमोजिम पाउने उपचार खर्च एक पटकमा सम्वन्धित नगर प्रहरी कर्मचारीको एक महिनाको तलबभन्दा बढी हुने छैन ।

(५) नगर प्रहरी कर्मचारीको संगोलको पति वा पत्नी, आमा, बाबु वा नावालक छोरा छोरी विरामी भई विदेशमा गई उपचार गराउनुपर्दा वा स्वदेशमै अस्पताल भर्ना भई शल्यक्रिया वा उपचार गराउनुपर्दा अस्पतालमा लागेको बिलवमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्शनवमोजिम लागेको औषधि उपचारको खर्चको नब्बे प्रतिशत रकम उपनियम (२) वमोजिम नगर प्रहरी कर्मचारीले पाउने रकममध्येबाट पाउनेछ ।

(६) उपनिय (५) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारीको संगोलको पति वा पत्नी, आमा, बाबु वा कुनै सरकारी वा सरकारी स्वामित्व वा नियन्त्रणमा भएको संस्थाको सेवामा वहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउने छैन ।

(७) यस नियममा  यस अघि जुनसुकै कुरा लेखिएको भए तापनि एक पटकमा ३,०००।- (तीन हजार) भन्दा घटी रकम खर्च भएको उपचार खर्च पाउने छैन ।

(८) झुट्टा व्यहोरा पेश गरी नियमवमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने नगर प्रहरी कर्मचारी उपर विभागीय कारवाही गरिनेछ । त्यसरी उपचार खर्च लिई सकेको भए सो रकमसमेत त्यस्तो नगर प्रहरी कर्मचारीबाट असुल गरिनेछ ।

(९) भविष्यमा स्थानीय निकायको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी बर्खास्त गरिएको अवस्थामा वाहेक अरु जुनसुकै व्यहोराबाट नगर प्रहरी कर्मचारीले नोकरीबाट अलग हुँदा उपनियम (२) वमोजिम नोकरी अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए त्यस्तो बाँकी भएजति रकमको दुई तिहाइको हिसावले हुने एकमुष्ट रकम निजले त्यसरी नोकरीबाट अलग हुँदा लिन पाउनेछ ।
तर निवृत्तिभरण पाउने गरी सेवाबाट अवकाश पाएका नगर प्रहरी कर्मचारीले त्यस्तो बाँकी भएजति पूरै रकम र पच्चीस वर्ष सेवा अवधि पूरा गरेको रहेछ भने त्यसमा १० प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट निजले त्यसरी नोकरीबाट अलग हुँदा लिन पाउनेछ ।

(१०) कुनै नगर प्रहरी कर्मचारी दश वर्षको सेवा अवधि नपुग्दै भविष्यमा स्थानीय निकायको नोकरीको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी बर्खास्त गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट नोकरीबाट अलग भएमा पनि दश वर्षको नोकरी अवधि मानी त्यसैको दामासाहीले उपनियम (१) अनुसार पाउने उपचार खर्च पाउनेछ ।

(११) दश वर्ष सेवा अवधि नपुगेको कुनै नगर प्रहरी कर्मचारीलाई औषधि उपचारको लागि खर्च दिदा उपनियम (२) मा तोकिएको रकमलाई दश वर्ष नोकरी गरेवापत पाउने रकम मानी दामासाहीले हुन आउने रकममात्र दिइनेछ ।

(१२) कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा बाहेक परिवार र आफ्नो निमित्त समेत गरेर एक वर्षमा निजले खाईपाई आएको डेढ महिनाको तलब वरावरको रकमभन्दा वढी उपचार खर्च दिइने छैन ।

क) यस नियमवमोजिम विदेशमा गई उपचार गराउनुपर्दा वा स्वदेशमै पनि अस्पतालमा भर्ना भई उपचार गराउनु पर्दा ।

ख) उपनियम (६) वमोजिम परिवारलाई उपचार गराउँदा ।

(१३) यस नियमवमोजिम नगर प्रहरी कर्मचारीले पाएको उपचार खर्चको विवरण कार्यालयले नगर प्रहरीको विदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नुपर्नेछ ।

## परिच्छेद ११
<u>तलब, भत्ता</u>

८८) **तलब पाउने मितिः** नगर प्रहरी कर्मचारीले नियुक्तिपाएको वा वढुवा भएको मितिदेखि तलब भत्ता पाउने छ।

८९) **टाइम स्केलः**
(१) टाइम स्केलअनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने व्यक्तिले सामान्यतः स्केलमा लेखिएको न्यूनतम तलब पाउने छ।
तर अख्तियारवालाले कारणसमेत जनाई लिखित अनुरोध गरेमा नगरपालिकाले निजको प्रारम्भिक तलबलाई टाइम स्केलभित्रको कुनै माथिल्लो स्थानमा तोक्न सक्नेछ। असाधारण योग्यता भएका व्यक्तिहरुको हकमा मात्र अख्तियारवालाले यस्तो अनुरोध गर्न सक्नेछ।
(२) उच्चस्तर टाइम स्केलको कुनै पदमा स्थायी रुपमा वढुवा पाउने नगर प्रहरी कर्मचारीले पनि उक्त उच्चतम टाइम स्केलमा लेखिएका न्यूनतम तलब पाउने छ।

९०) **तलब वृद्धिः** देहायको अवस्थामा बाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले एक वर्ष सेवा पुरा गरेपछि एउटा तलब वृद्धि पाउनेछ।
(क) परीक्षणकाल,
(ख) कायम मुकायम र
(ग) तलब वृद्धि रोक्का।
तर नियुक्ति सदर भएपछि नगर प्रहरी कर्मचारीहरुको परीक्षणकालमा रहेको अवधिसमेत तलब वृद्धिको निमित्त जोडिने छ।

९१) **कायम मुकायम भई काम गरेको तलब भत्ताः** कुनै नगर प्रहरी कर्मचारीले कुनै माथिल्लो पदमा कायम मुकायम भई काम गरेमा काम गरेकै मितिदेखि निजले माथिल्लो पदको तलब भत्ता पाउने छ।

९२) **अवकाश पाउने कर्मचारी पाउने तलब र राशनः** नगर प्रहरी कर्मचारी राजीनामा दिई वा अनिवार्य अवकाश पाई सेवा निवृत्त भएमा सोको सूचना पाएको मितिसम्म निजले खाईपाई आएको तलब, भत्ता, रासन र अन्य सुविधासमेत पाउनेछ।
तर कार्यालयमा गैर-हाजिर रही विभागीय कारवाही शुरु गरिएको वा कारवाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको नगर प्रहरी कर्मचारीले भने आफू अनुपस्थित रहेको मितिदेखिको तलब, भत्ता र रासन पाउने छैन।

## परिच्छेद १२
## कायम मुकायम र कार्यवाहकको व्यवस्था

९३) **कायम मुकायम मुकरर गर्न सक्ने**:

(१) नगर प्रहरी सेवाका कुनै पदमा साधारणतया कायम मुकायम मुकरर गरिने छैन ।
तर पद रिक्त रहेको अवस्था परी कार्यालयको दैनिक कार्य संचालन गर्न वाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिने छ ।

(२) यस विनियमवमोजिम कायम मुकायम मुकरर गर्दा एकतह मुनिका कर्मचारीहरु मध्ये वढुवाको लागि सबैभन्दा बढी अंक प्राप्त गर्ने नगर प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम मुकरर गरिनेछ ।

(३) कुनै नगर प्रहरी कर्मचारी जुन पदमा कायम मुकायम मुकरर भएको हो निजले सो पदको दर्ज्यानी चिन्ह सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ ।

९४) **कायम मुकायम गर्ने अधिकारी:** नगर प्रहरी कर्मचारीलाई कायम मुकायम मुकरर नगरपालिका कार्यकारी प्रमुखले गर्ने ।

९५) **कार्यवाहक भई काम गर्ने व्यवस्था:** (१) कुनै कारणले नगर प्रहरी प्रमुखको पद एक महिनाभन्दा वढी अवधिको लागि रिक्त भएमा र सो पदमा कायम मुकायम नतोकिएको अवस्थामा एक तहमाथिको कार्यालय प्रमुखले सो पदको कार्यवाहक भई कामकाज गर्न सो रिक्त पदभन्दा एक तह मुनिको जुनै नगर प्रहरी कर्मचारीलाई तोक्न सक्नेछ । त्यसरी कार्यवाहक तोक्दा त्यसको सूचना नगरपालिका प्रशासन शाखा लाई दिनुपर्नेछ ।
तर साधारणतया नगर प्रहरी सहायक निरीक्षक पदभन्दा मुनिको पदमा कार्यवाहक तोकिने छैन ।

(२) उपनियम (१) वमोजिम कार्यवाहक तोक्दा तल्लो पदमा रहेको सबभन्दा वरिष्ठ नगर प्रहरी कर्मचारीलाई कार्यवाहक तोकिने छ ।

(३) उपनियम (१) वमोजिम कार्यवाहक भई काम गर्न तोकिएको नगर प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ ।

(४) देहायको अवस्थामा कायम मुकायम मुकरर गर्न सकिने छैन:

(क) नसिहत पाएकोमा सो सजाय पाएको मितिले एक वर्षको अवधिभए,
(ख) निलम्बन भएकोमा सो अवधिभर,
(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,
(घ) तलब बृद्धि रोक्का भएकोमा रोक्का अवधिभर ।

९६) **निमित्त भई काम गर्ने व्यवस्था:**

(१) कायम मुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा एक महिना ननाघ्ने गरी कुनै कारणले नगर प्रहरी प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा बरिष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ ।

९७) **एक पदमा एक व्यक्तिमात्र कामय मुकाय वा कार्यवाहक हुने**: कुनै एक पदमा एक समयमा एकभन्दा वढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन ।

९८) **काम गरेको अवधिको तलब भत्ता:**

(१) कुनै पदमा कायम मुकायम वा कार्यवाहक वा निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र राशन पाउने छ

तर पन्ध्र दिनसम्म कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब भत्ता र राशन दिइने छैन र पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा पूरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरेवापत तलब भत्ता र राशन दिइने छ ।

## परिच्छेद १३
## तालीम

९९) **तालीमको व्यवस्थाः** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन नगरपालिकाले तोकिएवमोजिमको आवश्यकतानुसार अन्य तालिमहरु पनि दिन सकिनेछ ।

१००) **तालीम संचालन हुने स्थानः** नगरपालिकाले तोकिएको स्थानमा हुनेछ ।

१०१) **तालीमको अवधि** : नगर प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरुको तालीमको अवधि नगरपालिकाले तोकेको पाठयक्रम अनुसार हुनेछ ।

१०२) **तालीमको अनिवार्यताः**

(१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालीम लिन अनिवार्य हुनेछ । यस्तो तालीममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालीम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एकपटक तालीमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

१०३) **तालीमको पाठ्यक्रम** : विभिन्न तालीमहरुको पाठ्यक्रम तयार गर्न नगर प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ ।

१०४) **प्रशिक्षार्थीले पाउने सुविधाः**

(१) प्रशिक्षार्थीहरुलाई तालीम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित स्थानीय स्वायत्त शासन नियमावली २०५६ अनुसार हुनेछ ।

(२) राशन पाउने नगर प्रहरी कर्मचारीहरुलाई उपत्यकाका नेपाल प्रहरीले पाएसरह राशन र भत्ता पाउने छन् ।

(३) तीन महिनासम्मको तालीम जाँदा सो अवधिभरको तलब भत्ता नगरपालिका कार्यालयबाट एकमुष्ट पेश्की दिने र तीन महिनाभन्दा बढी अवधिको तालीममा जाँदा तीन महिनाको एकमुष्ट पेश्की दिई बाँकी अवधिको लागि पटक पटक गरी उपलब्ध गराउनेछ ।

१०५) **परीक्षा संचालनः**

(१) यस विनियमावलीवमोजिम दिइएको तालीम समाप्त भएपछि परीक्षा लिनको लागि एक परीक्षा समिति गठन गरिनेछ । गठित समितिलाई संचालन सम्वन्धी सम्पूर्ण अधिकार हुनेछ ।

१०६) **प्रमाणपत्र र पुरस्कारः**

(१) तालिममा सफल हुने प्रशिक्षार्थीलाई दिइने प्रमाणपत्रमा नगरपालिकाको कार्यकारी अधिकृत, प्रहरी प्रमुखको हस्ताक्षर हुनेछ ।

(२) प्रत्येक तालीममा प्रथम स्थान प्राप्त गर्ने प्रशिक्षार्थीहरुलाई पुरस्कार दिइनेछ ।

१०७) **तालीम सफल भएमा**: देहाय तालीममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहायवमोजिम हुनेछ :

(क) नगर प्रहरी अधिकृत (आधारभूत) तालीममा सफल भएका र परीक्षण कालमा रहेका अधिकृतहरु स्थायी नियुक्तिका लागि सामान्यतया योग्य हुनेछन ।

(ख) रिक्रुट तालीममा सफल रिक्रुटहरु नगर प्रहरी जवानहरुमा स्थायी नियुक्तिको लागि योग्य हुनेछन ।

१०८) **तालीममा असफल भएमा**: देहायवमोजिमको तालीममा असफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहायवमोजिम हुनेछ :-

(क) नगर प्रहरी अधिकृत (आधारभूत) तालीममा असफल हुनेलाई एक पटक पुनः मौका दिइनेछ र त्यसमा पनि असफल भएमा सेवाबाट हटाइनेछ ।

(ख) रिक्रुट तालीममा असफल हुने रिक्रुट स्वतः हट्नेछ ।

(ग) प्राविधिक तालीममा असफल हुने सबै नगर प्रहरी कर्मचारीलाई अभिलेखमाजनाई पुनः एकपटक मौका दिई त्यस तालीममा पनि असफल भएमा सेवाबाट हटाइनेछ ।

१०९) **समिति गठन हुने**: विनियम १११ र ११२ मा उल्लेख भएको व्यवस्थालाई कार्यान्वयन गर्न कार्यकारी अधिकृतले तोकेवमोजिमका कर्मचारीहरु भएको एक समिति गठन हुनेछ । त्यस समितिले गरेको ठहरवमोजिम नियुक्ति गर्ने अधिकारीले निर्णय दिनेछ ।

११०) **प्रारम्भिक पोशाक**: (१) सबै नयाँ भर्ना हुने अधिकृत तथा जवानहरुलाई न.पा.ले पोशाक उपलब्ध गराउन सक्नेछ ।

१११) **तालीममा सामेल गराउने संख्या**: नगर प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा वाधा नपर्ने गरी नगर प्रहरी प्रमुखले तालीम लिन नगर प्रहरी कर्मचारीहरु तोक्नेछन् ।

११२) **प्रशिक्षण भत्ता** : राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरुले पाए सरह प्रशिक्षण भत्ता दिइनेछ ।

११३) **अतिथि प्रशिक्षकहरुको पारिश्रमिक:** न.पा.ले स्थानीय स्वायत्त शासन ऐन वमोजिम उपलब्ध गराउन सक्नेछ ।

११४) **आन्तरिक तालीम** : एकै पटक नियुक्ति भएमा वा वढुवा भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालीममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालीमको व्यवस्था मिलाउनुपर्नेछ र ३५ वर्ष उमेर नाघेकालाई शारिरीक तालिममा अनिवार्यता गरिने छैन ।

## परिच्छेद १४
## पोशाक

११५) **नगर प्रहरी पोशाकः**
नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण न.पा. बोर्डले तोके वमोजिम हुनेछ ।

११६) **प्रारम्भिक पोशाक र सामानः**
प्रत्येक नगर प्रहरी कर्मचारीलाई अनुसूचिमा तोक बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

११७) **जाडो मौसमका लागि दिइने पोशाकः**
प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ ।

११८) **तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधाः**
नगर प्रहरी कर्मचारीलाई अनुसूचिमा उल्लेख भएबमोजिमको तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम सिलाई ज्याला दिइनेछ ।

११९) **नगर प्रहरीको पोशाक सट्टा भर्नाः**
नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे वमोजिम सट्टा गरी नयाँ दिइनेछ ।

## परिच्छेद १५
## विविध

१२०) **पुरस्कार:** देहायका पदाधिकारीहरुले आफ्नो र आफ्ना मातहत कार्यालयका नगर प्रहरी कर्मचारीहले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप देहायवमोजिम ग्रेड थप वा एक मुष्ट रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछन:

क) नगरपालिकाका प्रमुखले पाँच ग्रेडसम्म थप

ख) कार्यालय प्रमुखले दुई ग्रेड

१२१) **राशन सुविधा** : नगर प्रहरी परिचर लगायतका सबै नगर प्रहरी कर्मचारीलाई नगरपालिकाले आवश्यकतानुसार राशन सुविधा उपलब्ध गराउन सक्नेछ ।

१२२) **दशै खर्च पाउने** : नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष घटस्थापनको पन्ध्र दिन अगाडि दशै खर्चको रुपमा पाउनेछ ।

१२३) **अन्य सुविधा** : व्यास नगरपालिकाले अन्य कर्मचारीहरुलाई दिईने सुविधाहरु नगर प्रहरीको हकमा पनि लागू हुनेछ ।

१२४) नगर प्रहरी सेवाका कर्मचारीले नगरपालिकामा रहेका कुनै पनि पेशागत संगठनको सदस्यता लिन, सभा संगठनमा भाग लिन प्रतिवन्ध गरिएको छ । यस व्यवस्थाको उल्लघंन गरेको पाइएमा विभागीय कारवाही हुनेछ ।

१२५) हाल कार्यरत नगर प्रहरीहरुले न.पा. को अन्य सेवा समुहमा प्रवेश गर्न चाहेमा वहाल रहेको समान पदका लागि तोकिएको योग्यता भएको मानिनेछ ।

१२६) यस विनियमावलीमा उल्लेख भएका वाहेक अन्य सेवा सुविधाका सम्बन्धमा नगरपरिषद्ले गरे अनुसार हुनेछ र यो विनियमावली संशोधन गर्ने अधिकार नगरपरिषद्लाई हुनेछ ।

## अनुसूची १
## (काम, कर्तव्य र अधिकार)

नगरपालिका कार्यालय नगर प्रहरी प्रमुखको कार्य विवरण

१. आफ्नो शाखासंग सम्वद्ध कार्य नीति तथा कार्य योजना तर्जुमा गरी पेश गर्ने ।

२. शाखालाई तोकिएका कार्यहरुको प्रगति सम्वन्धमा नियमित अनुगमन निरीक्षण गरी कार्य प्रभावकारीताका लागि निर्देशन दिने ।

३. आफनो शाखासँग सम्वन्धित विषयमा भएका नगरपालिकाका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

४. आफू मातहतका कार्यरत सबै कर्मचारीहरुको विवरण अद्यावधीक गरी लागू गर्ने ।

५. आफू मातहत कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मुल्याकंन गर्ने ।

६. नगरपालिकाका क्षेत्रका सडक मार्गहरुमा आवगमनकालागि अवरोधहरु हटाउने व्यवस्था मिलाउने ।

८. नगर क्षेत्रमा भौतिक निर्माण कार्य नियमित गराउन आवश्यक सहयोग गर्ने र फोहरमैला व्यवस्थापनमा आई पर्ने व्यवधानहरु हटाउन सहयोग पुराउने ।

९. नगरपालिकाबाट भए गरेका निर्णयहरु कार्यान्वयन गराउन आवश्यक बल पुराउने ।

१०. नगरपालिकाको नीति नियम पालना गराउने कार्य गर्ने ।

११. नगरको नीति, नियम र निर्णय विपरीत कार्य भए गरेको सूचना प्राप्त हुना साथ त्यसलाई नियन्त्रण गर्ने र नगरपालिका सचिवलाई प्रतिवेदन गर्ने ।

१२. आफु मातहत कार्यरत कर्मचारीहरुलाई दण्ड तथा पुरस्कारको सिफारिस गर्ने ।

१३. आफनो शाखाहरुमा रहेका जिन्सी सामान, सवारी साधन लगायतका वस्तुहरुको अभिलेख राखी राख्नलगाई आवश्यक प्रतिवेदन समेत तयार गर्ने ।

१४. नगर प्रहरीको कार्य क्षेत्र भित्रका विषयहरुमा छलफल अन्तक्रिया, गोष्ठी र सेमिनार आदिको आयोजना गर्ने ।

१५. आफनो शाखाहरुसँग सम्वद्ध सबै किसिमका प्रशासनिक कार्य गर्ने, गराउने र सो को प्रतिवेदन कार्यकारी अधिकृतमा पेश गर्ने ।

१६. अन्य प्रत्यायोजित अधिकार अनुरुप गर्ने ।

## अनुसूची २

नगरपालिका कार्यालय नगर प्रहरी शाखा अन्तर्गत **नगर प्रहरी कर्मचारहिरुको कार्य विवरण (काम, कर्तव्य र अधिकार)**

नगर प्रहरीहरुले नगर प्रहरी प्रमुखको रेखदेख र नियन्त्रणमा देहाय बमोजिमका कार्यहरु (काम, कर्तव्य र जिम्मेवारी) गर्नु गराउनु पर्दछ ।

१. अनुमति नलिई घर निर्माण गर्ने कार्य तथा अन्य गैरकानूनी निर्माण नियन्त्रण गर्न सहयोग गर्ने ।
२. भवन निर्माण नियमित गराउन अनुगमन निरीक्षण गर्ने र त्यस्तो निर्माण कार्य गर्दा सार्वजनिक असर परेको देखिएमा निर्णयानुसार आवश्यक काम गर्ने ।
३. सडकपेटी तथा सार्वजनिक जग्गा, बाटो, मन्दिर, चोक, नाला, ढल, पोखरी उपर हुनसक्ने अतिक्रमण रोक्ने ।
४. सार्वजनिक आवगमनमा बाधा पुग्ने गरी निर्माण सामाग्री राख्न रोक लगाउने ।
५. सडकपेटी तथा सार्वजनिक अतिक्रमण गरी सार्वजनिक आवगमनमा हुने सबैखाले अतिक्रमण नियन्त्रण र कारवाही समेत गर्ने ।
६. शहर भित्रका सवै पसलहरुमा मूल्य सूचि साथ राख्न लगाउने र नियमित अनुगमन गर्ने ।
७. नाप तौलका ढक तराजुको अवस्था चेक जाँच गर्ने फरक परेमा कारवाहीको लागि पेश गर्ने ।
८. तोकिएको मापदण्ड अनुसार पेशा व्यवसाय भए नभएको चेक गरेर कारवाहीको लागि पेश गर्ने ।
९. छाडा गाईबस्तु नियन्त्रण गर्ने र आवश्यक कारवाही चलाउने ।
१०. नगरबासीलाई घर निर्माण सम्बन्धि मापदण्ड नीति नियमको पालना गराउने ।
११. सार्वजनिक असर पर्न सक्ने रुख, घर, पर्खाल आदी काट्न/भत्काउन लगाउने ।
१२. नगरको फोहरमैला व्यवस्थापनमा सहयोग गर्ने ।
१३. शाखा अन्तर्गतका कर्मचारीहरुको दैनिक प्रशासनिक कार्य गर्ने ।
१४. आफ्नो क्षेत्र भित्र गैर कानूनी रुपमा टाँगिएको व्यानर तथा टासिएका पोष्टर पम्प्लेट निकाल्ने, उप्काउने ।
१५. आफ्नो शाखा अन्तर्गतका कर्मचारीहरुको कार्य विभाजन तथा कार्य विवरण तोक्ने ।
१६. मातहतका कर्मचारीहरुलाई कार्यालय समय भन्दा बढी समय कामकाज गराउन पालो मिलाई सिफारिस साथ निर्णय गराई काममा लगाउने ।
१७. शाखा प्रमुखले आफ्नो शाखा मातहातका कर्मचारीहरुलाई कार्य विवरण तोक्ने ।
१८. मातहतका कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन गर्ने ।
१९. नगर प्रहरी प्रमुखको प्रत्यक्ष निर्देशनमा आई पर्ने काम गर्ने ।
२०. नगरपालिकाको आन्तरीक सुरक्षा (कार्यालय, सम्पति र पदाधिकारी तथा कर्मचारी तथा कार्यालय सम्पतिको सुरक्षा व्यवस्था मिलाउने ।
२१. नगरपालिका भित्रका बिभिन्न शाखाबाट भए गरेको निर्णय नीति कार्यक्रमको कार्यान्वयनमा सहयोग पुरयाउने ।
२२. नगरपालिकाको काम कारवाहीमा सहजता ल्याउन न.पा.को निर्णयहरु कार्यान्वयन गराउने ।
२३. नगरको सम्पति सुरक्षाको लागि गस्तीको रुपमा खटी कार्य गर्ने ।
२४. नगर सुव्यवस्था कायम गर्ने ।
२५. स्वास्थ्यको लागि हानिकारक चिज बस्तु वितरण गरेको फेलापरेमा नियन्त्रण गर्ने ।
२६. नगर सुव्यवस्था कायम गर्न वडा कार्यालय, टोल, स्थानीय क्लब तथा संघ संस्थासंग मिलि जनपरिचालन गर्ने तथा जनचेतना जगाउने कार्य गराउने ।
२७. दृष्य प्रदुषण लगायतका सवै खाले प्रदुषण नियन्त्रण गर्ने र कारवाही गर्ने ।
२८. शहरको ट्राफिक व्यवस्थापनमा सहयोग पुरयाउने ।

**अनुसूची ३**
**प्रारम्भिक पोशाक र सामान**

| सि.नं. विवरण | संख्या | खपत अवधि |
|---|---|---|
| १. गरम मौसमको टेरिकटन सर्ट र पाइन्ट २ | | १ वर्ष |
| २. व्यारेट क्याप | १ | २ वर्ष |
| ३. सिठ्ठी र सिठ्ठी कर्ड | १ | २ वर्ष |
| ४. वेभ वेल्ट | १ | ४ वर्ष |
| ६. बुट | १ जोर | २ वर्ष |
| ७. कुम व्याज | १ जोर | १० वर्ष |
| ८. टोपी व्याज | १ | १० वर्ष |
| ९. उनी कम्बल | २ | २ वर्ष |
| १०. फरेस क्याप(अधिकृतलाई मात्र) | १ | १० वर्ष |
| ११. वर्सादी | १ | ५ वर्ष |
| १२. झुल | १ | ४ वर्ष |
| १३. उनी मोजा | १ जोर | १ वर्ष |
| १४. उनी जर्सी | २ | ३ वर्ष |
| १५. उनी सर्ट र पाईन्ट | २ | ३ वर्ष |
| १६. उनी ट्राउजर | १ | ३ वर्ष |
| १७. उनी मोजा | १ जोर | १ वर्ष |
| १८. उनी जर्सी | १ | ३ वर्ष |
| १९. गरम पन्जा | १ जोर | २ वर्ष |
| २०. उनी गन्जी र ट्राउजर | २ | २ वर्ष |
| २१. उनी ज्याकेट | १ | ३ वर्ष |